नेपाल एसबिआइ बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licenced by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website: www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

## नेपाल एसबिआई बैंक लि.

## प्रेश विज्ञप्ती

मितिः २०७४/०९/१७, काठमाण्डौं

बैंकको आ.व. २०७३/७४ को प्रगति विवरण सञ्चार माध्यमलाई जानकारी गराउने उदेश्यले नेपाल एसबिआई बैंक लि.ले मिति २०७४/०९/१७ मा पत्रकार भेटघाट कार्यक्रम गऱ्यो । उक्त भेटघाटमा बैंकको कार्यसम्पादन सम्बन्धी महत्वपूर्ण मापदण्डहरुमा भएको सुधार एवं अन्य मुख्य उपलब्धीहरुका बारेमा जानकारी गराईएको थियो ।

- बैंकको खुद ब्याज आम्दानी रु. २४१.६१ करोडमा २०.७२% ले बृद्धि भई यस बर्ष २९१.६७ करोड पुग्यो ।
- बैंकको संचालन मुनाफामा १३.६३% को बृद्धि हासिल भई रु. २३३.९९ करोड पुग्यो ।
- बैंकले आ.व. २०७३/७४ मा १४.३६% को बृद्धि हासिल गरी मुनाफा रु. १५२.३२ करोड आर्जन गर्न सफल भएको छ ।
- बैंकको कोषको लागत ३.५४% रहेको छ, जुन गत वर्ष २.५५% थियो ।
- बैंकको खर्च आम्दानी अनुपात ३७.९४% रहेको छ, जुन गत वर्ष पनि ३७.९४% थियो ।
- बैंकको अन्य आम्दानीमा २५.६७% को बृद्धि हासिल गरी गत वर्षको रु. ९२.०२ करोड बाट रु. ११५.६४ करोड आर्जन गर्न सफल भएको छ ।
- कर्जा निक्षेप अनुपात (नेपाल राष्ट्र बैंकको निर्देशिकाबमोजिम) ७५% रहेको छ ।
- बैंकको पूँजी पर्याप्तता अनुपात नियमन निकायले तोकेको न्यूनतम ११% को तुलनामा १५.७१% रह्यो ।
- बैंकले आफ्नो सम्पत्तिको गुणस्तरमा उल्लेख्य सुधार गर्दै खूद निष्कृय कर्जा ०.१०% कायम गर्न सफल भयो ।
- बैंकले यस वर्ष ६९,९०५ खुद नयाँ बचत खोल्न सफल भयो ।
- दर्ता भएका निक्षेप खाताहरुको संख्या अघिल्लो वर्षको तुलनामा १३.१३ प्रतिशतले वृद्धि भई ७.०३ लाख पुग्यो ।
- इन्टरनेट बैंकिङ्ग सेवाग्राहीहरुको संख्यामा २५.९१ प्रतिशतले वृद्धि भई ५६ हजार पुग्यो ।
- २०७४ आषढमासान्तसम्ममा ६.२९ लाख  कार्ड जारी गरेको छ र कार्ड प्रयोग गर्ने ग्राहकहरुको संख्या ९१  प्रतिशत रहेको छ ।
- साना तथा मझौला(एसएमई) व्यवसाय तर्फ बैंकले रु. २५२.३० करोड कर्जा लगानी गरी वार्षिक ३४.२१ प्रतिशतको वृद्धि हासिल गऱ्यो ।

- बैंकले आर्थिक वर्ष २०७३/७४ को अन्त सम्ममा रु. ८,१६६.४५ करोड कुल निक्षेप संकलन गरी रु. ६,३७५.२१ करोड कर्जा प्रवाह गऱ्यो ।

उक्त भेटघाट कार्यक्रममा समग्र व्यवसायमा बृद्धि गर्ने बैंकको रणनीति समेत संचारकर्मीहरुलाई जानकारी गराईयो । विगतका २४ वर्षमा क्रमिक एवं दिगो रुपमा हासिल प्रगतिकै फलस्वरुप बैंकिङ्ग उद्योगमा हाल यो स्थान हासिल गर्न बैंक सफल भएको हो । बैंकले आगामी दिनमा व्यवसायका नवीनतम क्षेत्रहरुको पहिचान गरी ग्राहक आधारमा विस्तार गर्दै अफ्ना उत्पादन तथा सेवाको प्रभावकारी वितरणका लागि वितरण प्रणालीमा सुधार गर्ने क्रमलाई जारी राख्ने छ र आफ्ना कर्मचारीहरुको दक्षता अभिबृद्धि गरी अझ उत्कृष्ट ग्राहक सेवा प्रदान गर्दै जानेछ । बैंकका शाखा तथा एटीएमको बहृद् सञ्जालले देशका हरेक क्षेत्रमा बस्ने जनसमुदायलाई सेवा पुऱ्याउन बैंकलाई अझ बढी सघाउ पुग्नेछ । बैंकको उक्त बृहद् उपस्थितिले ग्राहक आधार विस्तार गरी कम लागतको निक्षेप परिचालन गर्न समेत बैंकलाई सजिलो भएको छ ।

बैंकको संचालक समितिको बैठकले शेयरधनीहरुलाई गत वर्षको मुनाफा तथा विगत वर्षहरुमा आर्जित मुनाफाबाट १५.४२ प्रतिशतका दरले वोनश शेयर र ०.८१ प्रतिशतका दरले नगद लाभांश (कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव आगामी २४औं साधारण सभामा विशेष प्रस्ताव समेत पेश गर्ने निर्णय गरेको उक्त भेटघाटमा जानकारी गराइयो ।

बैंकको आ.व. २०७३/७४ को वित्तिय विवरण मिति २०७४ पौष १९ गते तय गरिएको बैंकको वार्षिक साधारण सभामा पेश गरिनेछ ।

रमेश घिमिरे
प्रमुख सूचना अधिकृत

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.